सस्तो टिकेट्स र स्विस मिलिट्रीबीच सहकार्य

आर्थिक संवाददाता
काठमाडौं, जेठ १८

अनलाइन ट्रामल प्लेटफर्म सस्तो टिकेट्सले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त प्रिमियम लगेज ब्रान्ड स्विस मिलिट्रीसँग आधिकारिक सहकार्य घोषणा गरेको छ । यस साझेदारीमार्फत गुणस्तरीय ट्रामल ब्याग तथा लगेजहरु अब निककै किफायती मूल्यमा उपलब्ध हुनेछन् ।

यस विशेष सहकार्यअन्तर्गत सस्तो टिकेट्समार्फत फ्लाइट बुक गर्ने यात्रुहरुलाई स्विस मिलिट्रीको लगेज तथा ब्याकप्याक कलेक्सनमा ४० प्रतिशतसम्म छुट प्राप्त हुनेछ । सस्तो टिकेट्समार्फत टिकट काटिसकेपछि यात्रुहरुलाई छुट प्राप्त गर्न विशेष लिंक तथा क्युआर कोड इमेलमार्फत प्राप्त हुनेछ । जसको प्रयोग गरी उनीहरुले स्विस मिलिट्रीको प्रिमियम उत्पादनमा आकर्षक छुट पाउन सक्नेछन् । स्विस मिलिट्रीले हालै नेपालमा आफ्नो आयात तथा वितरण कार्य सुरू गरेको छ । यसले नेपाली बजारमा उच्च गुणस्तर र भरपर्दो सामानको ग्यारेन्टी दिने उद्देश्य बोकेको छ, स्विस मिलिट्रीले आफ्ना उत्पादनहरुमा १० वर्षको वारेन्टी समेत प्रदान गर्दै आएको छ ।

नेपालको बजारमा यस्तो वारेन्टी र आर्कषक छुट सुविधा पहिलोपटक आएको हो । नेपालको ट्रामल तथा ई-कमर्स क्षेत्रमा यो पहिलो प्रकारको सहकार्य हो, जसले उत्कृष्ट उत्पादनलाई सहज अनलाइन बुकिङसँग जोड्ने नयाँ अभ्यास सुरु गरेको छ । दुवै कम्पनीहरुले भविष्यमा पनि यस्तै नविन र भ्यालु एडिसन गर्ने थप योजनाहरु ल्याउने प्रतिबद्धता जनाएका छन् ।

एम्पोरियो अर्मानी नेपालमा ल्याउने तयारी

आर्थिक संवाददाता
काठमाडौं, जेठ १८

इटालियन लक्जरी फेसन ब्रान्ड एम्पोरियो अर्मानी अब आधिकारिकरुपमा नेपालमा प्रवेश गर्न लागेको छ । एक रणनीतिक साझेदारीमार्फत एम्पोरियो अर्मानीले काठमाडौंमा आफ्नो पहिलो आधिकारिक सोरुम खोल्ने तयारी गरेको हो ।

साथै, यो ब्रान्डको नेपालका प्रमुख सहरहरुमा पनि विस्तार गर्ने योजना रहेको जनाइएको छ । जर्जियो अर्मानीद्वारा स्थापित एम्पोरियो अर्मानी कम्फरटेबल, सुरुचिपूर्ण र आधुनिक फेसनको प्रतीक मानिन्छ । यस ब्रान्डले आफ्ना उत्पादनहरुमा उच्च गुणस्तर, उत्कृष्ट डिजाइन र मिहीन कलाकौशल समावेश गर्छ । एम्पोरियो अर्मानीले विश्वका उत्कृष्ट फेसन डिजाइनरहरु र उत्तम कपडाहरु, एक्सेसोरी तथा अन्य कच्चा पदार्थको छनोट गर्दै फेसनको दुनियाँमा नयाँ शैली स्थापना गर्दै आएको छ । कपडामा मात्र सीमित नभई एम्पोरियो अर्मानीले जुत्ता, वालेट, पर्स, बेल्ट, ब्यागलगायतका सम्पूर्ण लाइफस्टाइल उत्पादनहरु उत्पादन तथा बिक्री वितरण गर्ने गरेको छ ।

हालसम्म नेपाली बजारमा नक्कली र अनधिकृत एम्पोरियो अर्मानीका उत्पादनहरु पाईदै आएका थिए । तर अब पहिलोपटक आधिकारिक लक्जरी ब्रान्ड नेपाली उपभोक्ताहरुका लागि उपलब्ध हुन लागेको हो । एम्पोरियो अर्मानी हालै नेपालमा सोरुम तथा फ्रेन्चाइज स्टोर खोल्न अग्रसर भएको अरमानीका नेपाल प्रतिनिधिले बताए । एम्पोरियो अर्मानीको आगमनले नेपाली बजारमा लक्जरी फेसन र लाइफस्टाइलको नयाँ अध्याय सुरू गर्ने जनाइएको छ ।

स्मार्ट, टिकाउ र बजेटमैत्री फोन रेडमी नोट १४ प्रो

आर्थिक संवाददाता
काठमाडौं, जेठ १८

टिकाउपन भन्नासाथ धेरैले सोच्ने गर्छन्, धेरै वर्ष चल्ने । तर आजको डिजिटल युगमा टिकाउपनको परिभाषा केवल लामो समयसम्म चल्ने क्षमता मात्र होइन भन्ने बुझ्नु जरुरी छ । यो अब भौतिक प्रतिरोधदेखि लिएर दूत प्रदर्शन, कार्यकुशलता र प्रयोगकर्ताको अनुभवसम्मको समग्र संयोजन पनि हो । यिनै पक्षहरुलाई विचार गर्दा रेडमी नोट १४ प्रो+५जी एक सशक्त प्रतिस्पर्धीको रुपमा उदाएको कम्पनीको दावी छ ।

आजको दिनमा स्मार्टफोनका प्रयोगकर्ताहरु 'सस्तोमा राम्रोभन्दा बरू पैसा लागोस् तर टिकाऊ होस्' भन्ने चाहन्छन् । अहिले बजारमा कैयौं ब्रान्डका सयौं स्मार्टफोनहरु छन् । तर जब कुरा फोन खसेको अवस्थामा नटुट्ने/नफुट्ने र पानीमा खस्दा नबिग्रिने वा महिनौंको प्रयोगपछि पनि सुस्त नहुने मोबाइलको खोजी हुन्छ, त्यहाँ रेडमी नोट १४ प्रो+५जी जस्तै विकल्प एकदमै सान्दर्भिक देखिन्छ ।

रेडमीले प्रस्तुत गरेको 'अल स्टार ड्युरेबिलिटी' भनिएको विशेषता केवल मार्केटिङ स्लोगन होइन । १५के रिजोल्युसनसहितको एमोलेड डिस्प्ले र गोरिल्ला ग्लास मिक्टस दुई प्रयोग गरी बनाइएको यो फोन सॉच्चिकै कठोर अवस्था सहन सक्ने खालको छ । यसको आईपी ६८ डस्ट र वाटर रेजिस्टेन्सले देखाउँछ कि यो धुलो र पानी दुवैप्रति प्रतिरोधी छ, जुन हाम्रा दैनिक जीवनका साधारण दुर्घटनाहरुमा काम लाग्ने एकदमै उपयोगी पक्ष हो ।

स्मार्टफोनको कुरा गर्दा केवल बलियो संरचना भएर मात्रै पुग्दैन, प्रदर्शन पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसमा रहेको स्न्यापड्रागन ७ एस जेन ३ चिपसेटले यसलाई 'फास्ट एन्ड स्मुद' बनाउँछ । चाहे गेमिङ होस् वा मल्टिटास्किङ, फोनले नथाक्ने झल्को दिन्छ । ८ जीबी+२५६ जीबी र १२ जीबी+५१२ जीबीका भेरिएन्टहरुले प्रयोगकर्तालाई भण्डारणको झन्झटबाट टाढा राख्छन् ।

क्यामेराको कुरा गर्दा पनि रेडमीले सस्तो फोनमा राम्रो क्यामरा मात्र होइन, अब उन्नत फिचरहरुसमेत दिन थालेको देखिन्छ । २०० मेगापिक्सेलको मुख्य क्यामरा र १६-इन-१ पिक्सेल बिनिङसँगै आठ एमपी अल्ट्रा-वाइड, दुई एमपी म्याक्रो, र २० एमपी सेल्फी क्यामराको संयोजनले यसलाई 'फोटोग्राफी क्रिएटिभ'हरुका लागि उपयुक्त बनाउँछ । डायनामिक सट्स, मोसन ट्र्याकिङ र ड्युअल भिडेओ मोडजस्ता फिचरले प्रयोगकर्तालाई सोचेभन्दा दृश्य कैद गर्न स्वतन्त्रता दिन्छ ।

५१९० एमएएच ब्याट्री र १२० वाटको हाइपरचार्ज टेक्नोलोजी भनेको 'चिन्ता नगर, चार्ज फटाफट' भन्ने सन्देश हो । आजको द्रुत जीवनशैलीमा यो प्रकारको फिचर अब विलासिता होइन, आवश्यकता बन्दै गइरहेको छ ।

रङको विविधता-प्लाष्टिन्डर पर्पल, फ्रस्ट ब्लु र मिडनाइट ब्ल्याकले स्मार्टफोनलाई केवल उपकरण होइन, व्यक्तित्वको अभिव्यक्ति बनाएको छ । मूल्यतर्फ हेर्दा ४९ हजार नौ सय ९९ र ५४ हजार ९९९ रूपैयाँको बीचमा आउने यी फोनहरु बजेटअनुसारको विकल्प दिन्छन् । अझ ईएमआई विकल्पले त बजेट-चिन्तालाई नै हटाइदिन्छ ।

निष्कर्षमा रेडमी नोट १४ प्रो+५जी केवल एक स्मार्टफोन मात्रै होइन । यो ती प्रयोगकर्ताहरुका लागि उत्तर हो, जसले टिकाउपन, सौन्दर्य र कार्यक्षमतालाई सन्तुलन खोजिरहेका छन् । यदि तपाईं फोनमा केवल ब्रान्ड होइन मूल्य र विश्वास पनि खोज्नुहुन्छ भने यो स्मार्टफोनले निश्चितरुपमा तपाईंको ध्यान आकर्षित गर्नेमा दुई मत छैन ।

राइडसेयरिङप्रति यातायात व्यवसायीको आपत्ति

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, नेपाल यातायात व्यवसायी महासंघ, नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, एकीकृत समाजवादी यातायात मजदुर संघ र नेपाल यातायात स्वतन्त्र मजदुर संगठनलगायतले ऐक्यबद्धता जनाएका छन् ।

काठमाडौं, जेठ १८ । यातायात व्यवसायी तथा मजदुरले निजी सवारीसाधनलाई यात्रु ओसारपसार गर्न दिएकामा आपत्ति जनाएका छन् । यातायात व्यवसायी तथा मजदुरले आइतबार एक विज्ञप्ति जारी गरी गण्डकी प्रदेश सरकारले नियमावली नै जारी गरेर 'राइड सेयरिङ'का नाममा निजी सवारीसाधनलाई पनि यात्रु ओसारपसारमा प्रयोग गर्न दिएकामा आपत्ति जनाएका हुन् ।

यातायात व्यवसायी तथा मजदुरले सोमबारदेखि सवारीसाधन थन्क्याएर सेवा ठप्प पार्ने घोषणा गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले गण्डकी प्रदेश सरकारले संविधानको धारा, ५७ को उपधारा ६, उपधारा ३ वा ५ र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा ९२ को १ विपरीत निजी सवारीलाई सार्वजनिक यातायात सरह मान्यता दिएको भन्दै आन्दोलनमा जान बाध्य हुनुपरेको बताए ।

प्रदेश सरकार र संघ सरकारलाई पटकपटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको भन्दै बाध्य भएर सेवा बन्द गर्न लागिएको उनको भनाइ थियो ।

आन्दोलनमा सार्वजनिक यातायात केन्द्रीय महासंघ, धादिङ अस्पतालले ८२ अंक ल्याएर दोस्रो र त्रिशुली अस्पताल ८१ अंक ल्याएर तेस्रो भएको मूल्याङ्कन टोलीका सदस्य एवं वीर अस्पतालका डा फणिन्द्रप्रसाद बरालले बताए । अस्पतालका निमित्त निर्देशक सुरेन्द्रप्रसाद भट्टले अस्पतालले दिँदै आएको सेवा तथा सुविधाबारेमा जानकारी गराउँदै यस वर्ष बहिरङ्ग, अन्तर्ग, शल्यक्रिया, प्रसूतिलगायतका सेवामा बिरामीको आगमन विगतका वर्षमा भन्दा बढेको बताए ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा प्रदीप ज्ञवाली, टोलीका सदस्य एवं बागमती प्रदेश अस्पताल विकास तथा अनुगमन शाखाका प्रमुख नवीन दर्नाल, बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा नरेन्द्रकुमार झा, भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याल, भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष तथा अस्पताल विकास समितिका सदस्य रवीन्द्र ज्याख्र, अस्पतालका वरिष्ठ नर्सिङ निरीक्षक रोशनी श्रेष्ठलगायतले असल नेतृत्व आएमा अस्पतालमा सुधार गर्न सकिने बताए ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्खेत शाखाको ३१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०२/१९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिँदै बैंकलाई गरिदिएको कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिँदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना १० गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरुको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने इच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँउ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाडै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा प्राफरन. ४३१५/०७०/७१ कायम भई मिति २०७१/०१/०३ मा दर्ता भएको सुर्खेत जिल्ला, विरेन्द्रनगर नपा वडा नं. ६ स्थित **अनुभव हार्डवयर** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१. एकेन्द्रलाल डुंगानको नाति, मोहन लाल डुंगानको छोरा, सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. १ बस्ने महेन्द्र डुंगाना ।
२. इन्द्र लाल शर्माको छोरी, महेन्द्र डुंगानाको श्रीमती, सुर्खेत जिल्ला, उत्तरगंङ्गा उ.म.न.पा./गा.वि.स. वडा नं. १ बस्ने डम्मर कुमारी डुंगाना ।
३. मोहन लाल डुंगानाको नातिनी, महेन्द्र डुंगानाको छोरी, सुर्खेत जिल्ला, विरेन्द्रनगर नपा. वडा नं. २ बस्ने आस्था डुङ्गेना ।
धितो सुरक्षणको विवरण :
१. लिलावती डुङ्गानाको नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स/न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २क को कित्ता नं. ५७९ र ९२२४ को ७५९५ र २७३४ बमि. क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिन लगापात समेत ।
२. लिलावती डुङ्गानाको नाममा मालपोत कार्यालय बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला, मगरागढी गा.वि.स/न.पा. वडा नं. ९ स्थित नक्सा सिट नं. ०३४०४७३ र ०३४०४७४ को कित्ता नं. ५२१३ र ५६२ को ४५० र ५९८५ बमि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिन लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५५५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरुको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा सुर्खेत शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल असार महिना ०८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/जोप्ने शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल असार महिना १० गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकपुरी, नक्साल, काठमाण्डौ, नेपाल फोनः ९७७-१-५९७००३३, फ्याक्सः ९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

भक्तपुर अस्पताल देशभरकै उत्कृष्ट

भक्तपुर, जेठ १८ । एक सय २१ वर्ष पुरानो भक्तपुर अस्पताल देशभरकै उत्कृष्ट घोषणा गरिएको छ । भक्तपुर अस्पतालमा आयोजना गरिएको अस्पताल व्यवस्थापन सुदृढीकरणअन्तर्गत न्यूनतम सेवा मापदण्ड (एमएमएस) मूल्याङ्कन सार्वजनिक कार्यक्रममा देशभरका अस्पतालमध्ये भक्तपुर अस्पताल एक सय पूर्णाङ्कमा ९० अंक प्राप्त गर्दै सर्वोत्कृष्ट अर्थात् पहिलो भएको घोषणा गरिएको हो ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुर अस्पताल लगातार चौथो पटक प्रथम हुन सफल भएको उल्लेख गर्दै अस्पतालको गुणस्तरमा कुनै कमी आउन नदिन कर्मचारीले इमानदार भएर काम गर्नुपर्ने बताए । अस्पतालमा न्युरो सेवा सञ्चालन गर्न मन्त्रालयले एक करोड विनियोजन गरिएको उल्लेख गर्दै उनले एक महिनाभित्र सो अस्पतालमा डायलाइसिस सेवा सञ्चालन गर्ने तथा अस्पतालको पुरानो भवन निर्माणका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरिने बताए ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य सचिव डा सुमित्रा गौतमले एक सय २१ वर्षको एउटा इतिहास बोकेको देशकै दोस्रो अस्पताल पहिलो हुन सफल भएको उल्लेख गर्दै कर्मचारीको लगनशीलता, व्यवस्थापन समितिको सहयोग र गलत तत्वको प्रभावबाट अस्पताललाई जोगाउन सके सबै अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्नसक्ने बताए ।

भक्तपुर अस्पतालको उदाहरण प्रदेशका बाँकी १२ वटा प्रादेशिक अस्पतालमा पनि लागू गर्नुपर्ने उल्लेख गर्दै सचिव गौतमले मन्त्रालयमै बसेर दैनिकरुपमा प्रदेशका १३ अस्पतालमा कति बिरामी आए, कति भर्ना भएलगायत विवरण सबै हेर्न सकिने गरी बागमती स्वास्थ्य एप्स जडान गर्न लागिएको बताए ।

संघीय सरकारले स्वास्थ्य संस्थाको गुणस्तर मापन गर्न बनेको न्यूनतम सेवा मापदण्ड (एमएमएस) मूल्याङ्कन टिमका संयोजक एवं वीर अस्पताल नर्सिङ कलेजका प्रमुख एवं उपप्राध्यापक रोशनी तुईतुईले देशभरका सबैन्डरी 'बी' लेवलको अर्थात् देशभरका तीन सय शय्यामा सञ्चालित अस्पतालको मूल्याङ्कन टोलीले गुणस्तर मापन गर्दा भक्तपुर अस्पताल देशभरमा प्रथम भएको घोषणा गर्दै भक्तपुर अस्पताललाई अब प्रतिष्ठान बनाउनुपर्ने बताए ।

घोषणाअनुसार लुम्बिनी प्रदेशिक अस्पतालले ८९ अंक प्राप्त गरी दोस्रो र भरतपुर अस्पताल ८८ अंक प्राप्त गरी तेस्रो भएका छन् । बागमती प्रदेशमध्येका १३ अस्पतालमध्ये